annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३३ पृष्ठ ८ | काठमाडौं, सोमबार १९ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष षष्ठी नेपाल संवत् ११४५ | MONDAY, JUNE 2, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# यातायात सिन्डिकेट, सर्वसाधारणलाई सास्ती

गण्डकी प्रदेश सरकारले वैशाख ३१ गते राइड सेयरिङसम्बन्धी नियमावली मन्त्रिपरिषद्बाट पारित गर्‍यो । गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली प्रदेशको राजपत्रमा जेठ १ गते प्रकाशन भयो । अर्थात्, कार्यान्वयनको बाटो खुला भयो । त्यसपछि सार्वजनिक यातायात व्यवसायी आक्रोशित बने । नियमावलीको विरोधमा सिन्डिकेटधारी व्यवसायीले शुक्रबार, शनिबार र आइतबार पोखरामा मात्रै नभई गण्डकी प्रदेशभरि नै सार्वजनिक यातायात ठप्प पारे । आइतबार काठमाडौं बबरमहलमा पनि प्रदर्शन गरियो । गण्डकीको नियमावली खारेजमात्रै नभई देशभर कहीं पनि राइड सेयरिङ चल्न नहुने मागसहित व्यवसायी आन्दोलनमा छन् ।

**केशवशरण लामिछाने/कृष्णमणि बराल** | *पोखरा*

– को रिपोर्ट




पोखराबाट काठमाडौंका लागि प्रस्थान गर्दै गरेका पर्यटक बसलाई आइतबार पोखराको पृथ्वीचोकमा अवरोध पुर्‍याउँदै गरेका यातायात व्यवसायी । ● अन्नपूर्ण

विस्तृत पृष्ठ २

## सहायता वितरण स्थलमा कम्तीमा ३१ प्यालेस्टिनी मारिए

**गाजा** (एजेन्सी) : आइतबार दक्षिणी गाजामा अमेरिकी समर्थित निजी फाउन्डेसनद्वारा सञ्चालित सहायता वितरण स्थलमा कम्तीमा ३१ प्यालेस्टिनीहरू मारिएका छन् र दर्जनौं घाइते भएका छन् ।

प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले मृत्युका लागि इजरायली सेनालाई दोष दिएको छ। वितरण केन्द्रमा रहेका सुरक्षाकर्मीहरूले पनि गोली चलाएको केही प्रत्यक्षदर्शीले दाबी गरेका छन् ।

स्वास्थ्य मन्त्रालयले जनाएअनुसार २०० भन्दा बढी घाइतेहरूलाई अस्पताल पुऱ्याइएको छ। यीमध्ये दर्जनौं गम्भीर घाइते छन् । मारिएका सबैको टाउको वा छातीमा गोली लागेको पनि मन्त्रालयले जनाएको छ।

इजरायल रक्षा बलले भने मानवीय सहायता वितरण स्थलभित्रको गोलीबाट भएको चोटपटकका बारेमा अनभिज्ञ रहेको जनाएको छ। यो मामिला अझै समीक्षा गर्नुपर्ने जनाउँदै यसमा आफ्ना सेनाहरूमध्ये कोही पनि हताहत नभएको जनाएको छ।



एक चिकित्सा अधिकारीका अनुसार गोली कसले चलाएको हो भनेर पहिचान गर्न असम्भव छ। तर वितरणका ती क्षेत्रहरू सुरक्षाको सन्दर्भमा इजरायली सेनाको जिम्मेवारीमा रहेको छ। उनले भने, 'चाहे उनीहरूले गोली हानून् वा उनीहरूका लागि काम गर्ने अरू, कसैले हाने पनि यो अझै पनि उनीहरूकै जिम्मेवारी हो।'

## राति बिरामी बोक्न मान्दैनन् एम्बुलेन्स

**महादेव अवस्थी** | *महेन्द्रनगर*

शुक्रबार राति कञ्चनपुरको बेदकोट-७ सुडाका शेरसिंह सार्कीकी १६ वर्षीया छोरी घरको छतबाट लडेर घाइते भइन्। उनले राति नै छोरीलाई महाकाली प्रादेशिक अस्पताल महेन्द्रनगर लगे। आकस्मिक कक्षमा भर्ना गरियो। तर, चिकित्सकले थप उपचार सम्भव नभएको भन्दै अन्यत्र लैजान सार्कीकी छोरीलाई रेफर गरिदिए। त्यति बेलासम्म रातको १ बजिसकेको थियो। चिकित्सकले रेफर गरेपछि धनगढी लैजान सार्की एम्बुलेन्स खोज्न थाले। तर, एम्बुलेन्स पाएनन्।

'डाक्टरले रेफर गरेपछि मैले अस्पतालमा उपलब्ध भएका करिब १० वटा एम्बुलेन्सलाई फोन गरेँ', सार्कीले भने, 'कसैले पनि आउन मानेनन्। कसैले म आउन सक्दिनँ भने त कसैले मेरो समय छैन भने।' उनले एम्बुलेन्सका लागि थुप्रै पटक प्रयास गर्दासमेत एम्बुलेन्स पाउन नसकेको गुनासो पोखे। 'छोरीको पेट धेरै नै दुखेको थियो, अस्पतालले रेफर गरिदियो। अन्त जान एम्बुलेन्स पाइएन। त्यो दिन धेरै दुःख पाइयो', उनले दुखेसो पोख्दै भने, 'हामीले फोन गर्दा एम्बुलेन्स नआएपछि अस्पतालमा रहेको प्रहरीलाई भन्यौं। प्रहरीले फोन गर्दा पनि एम्बुलेन्स आउन मानेनन्।'

करिब डेढ घण्टापछि प्रहरीको सहयोगमा बेदकोट नगरपालिकाको एम्बुलेन्स आयो। त्यति बेलासम्म रातिको साढे तीन बजेको सार्कीले बताए। 'प्रहरीको सहयोगमा एम्बुलेन्स पाएपछि उपचारका लागि धनगढी गयौं', उनले भने, 'धन्न छोरीलाई केही भएन। नत्र त एम्बुलेन्स नपाएरै मान्छेको ज्यान तलमाथि हुन सक्छ।'

अस्पताल स्रोतका अनुसार रातिको समयमा एम्बुलेन्सहरू बिरामी बोक्न मान्दैनन्। सोही दिन एकजना अर्का बिरामीसमेत एम्बुलेन्स नपाएर समस्यामा परेको अस्पताल स्रोतको दाबी छ। 'यहाँबाट रेफर भएपछि बिरामीका आफन्तले एम्बुलेन्सलाई फोन गरे तर आउन मानेनन्', अस्पताल स्रोतले भन्यो, 'प्रहरीले फोन गर्दा पनि धेरैले




फोन उठाएनन्। फोन उठाएकाहरूले पनि आउन मानेनन्।' अस्पताल स्रोतका अनुसार बिरामीका आफन्तले फोन गर्दा प्रहरीको गाडी बोलाउन र आइन्दा आफूलाई फोन नगर्न भन्दै एम्बुलेन्स चालकले उल्टै धम्की दिने गरेका छन्। भीमदत्त नगरपालिकामा सञ्चालनमा रहेका एम्बुलेन्सहरूले बिरामी बोक्न नमानेपछि बेदकोट नगरपालिकाबाट एम्बुलेन्स बोलाएर बिरामी ओसारपोसार गर्नु परेको महाकाली अस्पताल स्रोतको भनाइ छ।

एम्बुलेन्स सञ्चालक संस्था र चालक यसप्रति जिम्मेवार नहुँदा बिरामीले सास्ती खेप्नुपरेको छ। जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका अनुसार भीमदत्त नगरपालिकामा विभिन्न संघ, संस्थाका १६ वटा एम्बुलेन्स सञ्चालनमा छन्। स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा ४४ वटा एम्बुलेन्सहरू सञ्चालनमा छन्।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षता र स्वास्थ्य कार्यालय प्रमुख सदस्य सचिव रहने गरी जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति रहेको छ। कञ्चनपुर प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले एम्बुलेन्स चालकले बिरामी बोक्दिनँ भनेर भन्न नपाइने बताए। 'एम्बुलेन्स भनेको विशिष्टीकृत सेवा हो। चालकले जान्न भन्न पाउँदैनन्', प्रजिअ ढकालले भने, 'छिट्टै बैठक बोलाएर यसको समाधानमा लाग्छौं।' महाकाली अस्पतालका दुइटा एम्बुलेन्स छन्। ती दुवै एम्बुलेन्स बिग्रिएर थन्किएका छन्।

